**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १२ फरवरी २०२६**
समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

**मुख्य समाचार**

1. पुणेमा भएको पश्चिम बंगालका प्रवासी मजदुरको हत्यालाई लिएर मुख्यमन्त्री ममता ब्यानर्जीले चर्को आक्रोश व्यक्त गर्नु भएको छ।

2. दार्जिलिङ्गका सांसद राजु बिष्टले नयाँ श्रम कानूनहरूले एकसाथ मिलेर सबै श्रमिकहरूका लागि अन्तर्राष्ट्रीय मापदण्ड अनुरूप सामाजिक न्याय अनि अन्य वैधानिक लाभहरूको ग्यारेण्टी सुनिश्चित गर्ने बताउनु भएको छ।

3. प्यारामेडिकल फर्जी काण्डमाथि जीटीए मुख्य कार्यपाल अनित थापाले टिप्पणी गर्नु हुँदै पुलिसले अभियुक्तलाई पक्राउ गरिसकेको र यो मुद्दा सब जुडिसियल मुद्दा बनेको बताउनु भएको छ।

4. जलपाईगुडीको पहाडपुरमा अवस्थित कलकत्ता उच्च अदालतको सर्किट बेन्चले पहिलो दिन १९२ मुद्दाको सुनुवाइ गरेको छ।

5. तीनधारेमा एउटा ब्यांकको शाखाको रुपमा सीएसपी सञ्चालन गर्दै आइरहेको एकजनाले उपभोक्ताहरुको करौडौं रुपियाँ झिकेर भागेको घटना प्रकाशमा आएको छ|

**मुख्यमन्त्री ममता ब्यानर्जी - प्रवासी मजदुरको हत्या**

महाराष्ट्रको पुणेमा भएको पश्चिम बंगालका प्रवासी मजदुरको हत्यालाई लिएर मुख्यमन्त्री ममता ब्यानर्जीले चर्को आक्रोश व्यक्त गर्नु भएको छ। आज सोशल मीडियामा उहाँले यस घटनालाई बर्बर र नृशंस बताउनु भयो। मुख्यमन्त्री ममता ब्यानर्जीले आफ्नो पोस्टमा लेख्नु भएको छ, पिडित पुरूलिया जिल्लाको बड़ा बजार थाना अन्तर्गत तुमड़ाशोल निवासी थिए आफ्नो परिवारको एक मात्र कमाउने सदस्य थिए जसको पुणेमा हत्या गरियो। उहाँले दाबी गर्नु भयो, सुखेनलाई उसको भाषा र पहिचानको कारणले नै लक्षित गरियो जसले यसलाई एउटा घृणित अपराध बनाउँछ। मुख्यमन्त्रीले भन्नु भयो, यो घटना त्यस परिवेशको परिणाम हो जहाँ विदेशी-विरोधी तथा घृणालाई हतियार बनाइँदैछ अनि निर्दोष मानिसहरू यसको शिकार भइरहेका छन्। उहाँले यस मामिलामा तत्काल पक्राउ अनि दोषीहरूलाई कड़ाभन्दा कड़ा सजाय दिनुपर्ने माग गर्नु भयो। मुख्यमन्त्री ममता ब्यानर्जीले पिडितको परिवारप्रति संवेदना व्यक्त गर्नु हुँदै भन्नु भयो, यस दुःखको घड़ीमा सारा बंगाल परिवारको साथमा छ। उहाँले आश्वासन दिनु भयो, न्याय दिलाउनको लागि हरसम्भव प्रयास गरिनेछ।

**कवि सुभाष मुखर्जी - मुख्यमन्त्री ममता**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले आज सोशल मीडियामा बंगला साहित्यका अग्रणी कवि सुभाष मुखर्जीको जयन्तीमा उनलाई श्रद्धाञ्जली अर्पण गर्नु भयो। आफ्नो पोस्टमा मुख्यमन्त्रीले लेख्नु भएको छ, सुभाष मुखर्जी उनका लागि अभिभावक तुल्य थिए। संघर्षकालमा उहाँलाई कवि सुभाष मुखर्जीको स्नेह, समर्थन र आशीर्वाद प्राप्त भयो जसलाई उहाँ आफ्नो परम सौभाग्य ठान्नु हुन्छ। मुख्यमन्त्री ममता ब्यानर्जीले भन्नु भयो, कविका स्मृतिहरू सदैव उहाँको हृदयमा अमेट रहनेछन्।

मुख्यमन्त्रीले यो पनि उल्लेख गर्नु भयो, राज्य सरकारको पहलमा कोलकाताको एक महत्वपूर्ण मेट्रो स्टेशनको नाम कवि सुभाष मुखर्जीको नाममा राखिएको छ।

**बंगलादेश चुनाव**

बंगलादेशमा १३ औं आम चुनावको लागि २९९ निर्वाचन क्षेत्रमा मतदान जारी छ। मतदान आज बिहान ७ बजेर ३0 मिनटमा सुरु भयो भने साँझ ४ बजेर ३० मिनटसम्म जारी रहनेछ। देशभरका ४२ हजार भन्दा बढी मतदान केन्द्रहरूमा १२ करोड ७७ लाख भन्दा बढी योग्य मतदाताहरूले आफ्नो मताधिकार प्रयोग गरिरहेका छन्। साथै, मतदाताहरू "जुलाई चार्टर " अन्तर्गत प्रस्तावित सुधारहरूमा जनमत संग्रहमा भाग लिइरहेका छन्। आलोचकहरूको तर्क अनुसार एकल "हो" वा "होइन" प्रश्नमा धेरै सुधारहरू समावेश गर्नाले मतदाताहरूको विकल्पहरू सीमित हुन्छन्। बंगलादेश राष्ट्रवादी पार्टीका अध्यक्ष तारिक रहमानले आज बिहान ढाकाको गुलशन मोडेल हाई स्कूल एण्ड कलेजमा मतदान गरेपछि आफ्नो पार्टीको विजयमा विश्वास व्यक्त गर्नु भएको छ। उहाँले पार्टी कार्यकर्ताहरूलाई मतदान समाप्त नभएसम्म मतदान केन्द्रहरूमा रहन आग्रह गर्नु भएको छ। श्री तारिकले भन्नु भयो, हिजो रातीको घटनाहरूको प्रतिक्रियामा कानून प्रवर्तन एजेन्सीहरूले गरेको कडा कारबाही आश्वस्त पार्ने छ। अर्कोतिर मिरपुरमा मतदान गरेपछि, जमात-ए-इस्लामीका अमिर शफिकर रहमानले आफ्नो पार्टीले कुनै पनि ठूलो अनियमिततालाई बेवास्ता नगर्ने र मतदान अधिकारको रक्षा गर्न कारबाही गर्ने बताउनु भयो। युरोपेली संघ पर्यवेक्षक मिसनले मतदाता उत्साहजनक रहेको रिपोर्ट गरेको छ। गृह मामिला सल्लाहकारले मतदान शान्तिपूर्ण भएको बताएका छन्। सेनाको सहयोगमा देशभरि लगभग ९ लाख ५८ हजार सुरक्षाकर्मी तैनाथ गरिएको छ। भोलिसम्ममा नतिजा आउने अपेक्षा गरिएको छ, यद्यपि धेरै मतपत्रहरू भएकाले गणनामा लामो समय लाग्न सक्छ।

**सांसद राजु बिष्ट**

आज संसदमा औद्योगिक सम्बन्ध संहिता (संशोधन) विधेयक २०२६ विषयमा बोल्नु हुँदै दार्जिलिङ्गका सांसद राजु बिष्टले स्वतन्त्रता प्राप्तिपछि दशकौंसम्म पनि भारत ब्रिटिशकालको बेलामा निर्मित अनेकौँ श्रम कानूनहरूद्वारा प्रशासित हुन जारी रहेको कुरामाथि जोड़ दिनु भयो। उहाँले भन्नु भयो, यी मध्ये धेरै श्रम कानूनहरू शोषणकारी प्रकृतिका थिए अनि यी आजका यथार्थहरू विपरित थिए। आधुनिक भारतका लागि आधुनिक कानूनहरूको आवश्यकतालाई स्वीकार गर्दै नरेन्द्र मोदी सरकारले ती पुराना भइसकेका २९ श्रम कानूनहरूलाई एकीकृत गरेर चार नयाँ श्रम कानूनहरू – ज्याला संहिता, सामाजिक सुरक्षा संहिता, व्यावसायिक सुरक्षा एवम् स्वास्थ्य संहिता र औद्योगिक सम्बन्ध संहिता बनाएको छ।

सांसद राजु बिष्टले भन्नु भयो, यी नयाँ श्रम कानूनहरूले एकसाथ मिलेर सबै श्रमिकहरूका लागि समयमा ज्यालाको भुक्तानी, एउटा राष्ट्रीय न्यूनतम ज्याला जसभन्दा कम भुक्तानी कुनै पनि श्रमिकलाई गर्न सकिँदैन, सबै कार्यका लागि नियुक्ति पत्रहरू, महिलाहरूका लागि समान ज्याला र सम्मान ५० करोड़ श्रमिकहरूका लागि सामाजिक सुरक्षा, सबै श्रमिकहरूका लागि अन्तर्राष्ट्रीय मापदण्ड अनुरूप सामाजिक न्याय अनि अन्य वैधानिक लाभहरूको ग्यारेण्टी सुनिश्चित गर्नेछन्। उहाँले पश्चिम बङ्गालमा तृणमूल काँग्रेसको सरकार यी नयाँ श्रम कानूनहरू लागू गर्न असफल भएको बारेमा पनि सदनको ध्यानाकर्षण गराएको बताउनु भएको छ। टीएमसी-को सत्ताअन्तर्गत उत्तर बङ्गालका लगभग ३० चिया बगानहरू बन्द भएका छन् जसको परिणामस्वरूप त्यहाँका मूलवासी समुदायका सदस्यहरू आजीविकाको खोजीमा बसाइँ सर्न बाध्य भएका छन्।

**सर्किट बेन्चद्वारा पहिलो दिन १९२ मुद्दाको सुनुवाइ**

जलपाईगुडीको पहाडपुरमा अवस्थित कलकत्ता उच्च अदालतको सर्किट बेन्चको ऐतिहासिक उद्घाटन भएको छ। सर्किट बेन्चले आफ्नो पहिलो दिनमा १९२ मुद्दाको सुनुवाइ गर्‍यो। 17 जनवरीमा सर्वोच्च अदालतका न्यायाधीश सूर्य कान्त, मुख्यमन्त्री ममता ब्यानर्जी र केन्द्रीय कानून मन्त्री अर्जुन राम मेघवालले भवनको उद्घाटन गर्नु भएको थियो। यसको साथै ११ फरवरीबाट यहाँ मुद्दाको सुनुवाइ सुरु हुने घोषणा गरिएको थियो। उद्घाटन भएको एक महिनाभन्दा कम समयपछि नयाँ भवनमा औपचारिक काम सुरु

भयो। सर्किट बेन्चले आजदेखि सञ्चालन सुरु गर्यो र पहिलो दिनमै ठूलो संख्यामा मुद्दाको सुनुवाइ भयो। डिभिजन बेन्चको सूचीमा १९२ मुद्दाहरू समावेश थिए। प्रधान न्यायाधीश सुजय पालले यीमध्ये पहिलो केही मुद्दाको सुनुवाइ गर्नु भयो।

पहिलो दिनको कार्यवाही धेरै हिसाबले महत्त्वपूर्ण थियो। प्रधान न्यायाधीश सुजय पाल बाहेक, न्यायाधीश पार्थसारथी सेन, न्यायाधीश शम्पा सरकार र न्यायाधीश शुभ्रा घोष उपस्थित थिए। सर्किट बेन्चको इतिहासमा यो पहिलो पटक हो कि प्रधान न्यायाधीशको नेतृत्वमा रहेको डिभिजन बेन्चले यहाँ मुद्दाको सुनुवाइ गरेको छ। सुनुवाइ सुरु हुनुभन्दा अगाडि, प्रधानन्यायाधीशले वकिलहरूलाई शिष्टाचार भेट गर्नुभयो र भावुक सन्देश दिनुभयो। उत्तर बंगालमा लामो समयदेखि प्रतिक्षा गरिएको यो स्थायी भवन पहाडपुरमा ४० एकड जमिनमा निर्माण गरिएको छ। अब, यो आधुनिक र सुसज्जित परिसरबाट न्यायिक कार्य सञ्चालन गरिनेछ।

## औद्योगिक हड़ताल - आसनसोल

दशवटा ट्रेड यूनियनहरूको पक्षबाट आज देशभरि नै औद्योगिक हड़तालको आह्वान गरिएको थियो। यस हड़तालको समर्थनमा आसनसोलको बीएनआर क्षेत्रस्थित स्टेट ब्यांक अफ इण्डिया (एसबीआई)- को कार्यालय सामु बिहानदेखिकै वामपन्थी ट्रेड यूनियनद्वारा विरोध प्रदर्शन गरियो। यसबारेमा वामपन्थी नेता पार्थ मुखर्जीले भन्नु भयो, दशवटा ट्रेड यूनियनहरूद्वारा सारा देशमै आज औद्योगिक हड़ताल डाकिएको छ। यसै अन्तर्गत स्टेट ब्यांक अफ इण्डिया सामु विरोध प्रदर्शन गरिरहेका थिए र उनीहरूले आफ्नो ब्यानर पनि लगाएका थिए जसलाई पछि हटाइयो।
श्री पार्थ मुखर्जीले भन्नु भयो, पुलिसले जसरी तृणमूलको इशारामा भाजपालाई समर्थन गरिरहेको छ, त्यो अत्यन्त निन्दनीय छ। उहाँले भन्नु भयो, आसनसोलमा आन्दोलनको इतिहास छ जसबारे बाहिरबाट आएका पुलिस अधिकारीहरूलाई थाहा छैन। त्यसैले उनीहरूले यस किसिमको व्यवहार गरिरहेका छन्।

उहाँले स्पष्ट पार्नु भयो, कुनै पनि ब्यांकका कर्मचारीहरूलाई ब्यांकभित्र प्रवेश गर्नदेखि रोकिएन। वामपन्थीहरूले शान्तिपूर्ण ढंगमा आन्दोलन गरिरहेका छन्। तर पुलिसले उनीहरूलाई आन्दोलन गर्नदेखि रोकिरहेको छ।

## प्यारामेडिकल फर्जी काण्ड – अनित थापा

सिलगढीको प्यारामेडिकल फर्जी काण्डमाथि जीटीए मुख्य कार्यपाल अनित थापाले टिप्पणी गर्नु हुँदै पुलिसले अभियुक्तलाई पक्राउ गरिसकेको र यो मुद्दा सब जुडिसियल मुद्दा बनेको बताउनु भएको छ। उहाँले यस विषयमा अब कोर्टले निर्णय गर्ने बताउनु भएको छ। उहाँले अघि भन्नु भयो, रकम फर्काउने माग चलिरहेको छ। विद्यार्थीहरू मर्कामा अवश्य परेका छन्। वन्दना राईहरुले यसलाई कानुनी तरिकाले सम्बोधन गर्नु भएको छ। यस विषयमा मुख्य सचिवलाई जनाइसकेको छु। आज नै राजेस चौहान र टिमले सम्बन्धित जिल्ला शासकलाई भेटेर हाम्रो माग पनि राख्नेछन्। सरकारले गर्ने काम गरिरहेको छ। दोषीले सजाय पाएको हुनुपर्छ।श्री थापाले अघि भन्नु भयो, विद्यार्थीहरूलाई भेट्नुभन्दा पनि महत्त्वपूर्ण कुरा उनीहरूको मुद्दालाई प्रक्रियामा हाल्नु हो । भेटेर सबै कुरा समाधान हुँदैन।

## जिल्ला शासक अनि जिल्ला पुलिस अधिक्षकसित भेट

आशा प्यारामेडिकल अनि नर्सिङ इन्स्टिच्युट, सालबारीमा भएको फर्जीकाण्ड विषय जीटीए किन मौन भनेर प्रश्न उठिरहेको समय जीटीएको डेपुटी चेयरम्यान राजेश चौहान अनि टीमले आज दार्जीलिङमा जिल्ला शासक अनि जिल्ला पुलिस अधिक्षक प्रतिक्षा जारखारियासित भेट गरी जीटीए चिफ् अनित थापाको पत्रमाथि कस्तो कार्यवाही भईरहेको छ, त्यसको जानकारी लिए। पत्र मुख्य सचिव स्वास्थ्य अनि परिवार कल्याण विभाग, पश्चिम बङ्गाल सरकारलाई सम्बोधन गरिएको छ। पत्रमा दोषी सँस्था विरुद्ध जाँच गर्ने अनि विद्यार्थीलाई न्याय दिने अपील गरिएको छ। डेपुटी चेयरम्यान राजेश चौहानले जानकारी दिनु भए अनुसार जुन दिन फर्जी काण्डलाई लिएर विद्यार्थीहरुले आवज उठाएका थिए त्यही दिन नै जीटीए चिफले बंगाल सरकार स्वास्थ्य अनि परिवार कल्याण विभागका मुख्य सचिवलाई पत्राचार गरेर घटनामाथि जाँच गर्ने अपील गर्नु भएको थियो। श्री चौहानले जनाउनु भए अनुसार अनित थापाले दार्जीलिङ्ग सीएमओएचलाई संस्था विरुद्ध प्राथामिकि दर्ता गर्ने निर्देश दिनु भएको थियो। सीएमओएचले पनि 9 फरवरीकै दिन संस्थामाथि प्राथमिकी दर्ता गरेका थिए। आज जिल्ला पुलिस अधिक्षकसँग सीएमओएचले दर्ता गरेको प्राथमिकी विषय स्टाटस लिएको बताउनु भयो। पुलिसले दोषीलाई पक्राउ गरिसकेको छ भने दोषी विरुद्ध कानुनी प्रक्रिया सुरु भएको छ।

## सिलगढ़ीको निवेदिता मार्केटमा आगलागी

सिलगढ़ीको निवेदिता मार्केटमा हिजो अबेर राती भीषण आगलागी भयो जसले गर्दा क्षेत्रमा व्यापक खैलाबैला मचियो। यस घटनामा धेरैवटा दोकानहरू जलेर खरानी भएको छ। प्राप्त जानकारी अनुसार अबेर राती लगभग अढ़ाई बजे मार्केटकै एकजना सुरक्षा गार्डले सबैभन्दा पहिला आगो बलिरहेको देखे त्यसपछि तुरून्तै दमकल विभाग र दोकानका मालिकहरूलाई सूचित गरियो। घना जनसंख्या तथा साँघुरो क्षेत्र भएको कारणले आगो द्रूत गतिमा फैलियो जसले क्षणभरमै धेरैवटा दोकानहरूलाई आफ्नो चपेटमा लियो। स्थानीय मानिसहरूले पनि तुरून्तै आफ्नो स्तरमा आगो निभाउने प्रयास शुरू गरे। सूचना पाउनसाथ दमकल विभागका तीनवटा वाहन घटनास्थलमा पुगेर आगो निभाउनमा जुटे। डेढ़ घण्टाको कड़ा परिश्रमपछि आगोलाई नियन्त्रण गरियो।

## नक्सलबाड़ीको हात्तीघिसा क्षेत्रमा ट्रक दुर्घटना

नक्सलबाड़ीको हात्तीघिसा क्षेत्रस्थित एशियन हाइवे-2 मा आज बिहानै तीनवटा ट्रकहरु आपस्तमा ठोक्किएर ठूलो दुर्घटना भयो। यस दुर्घटनामा एउटा ट्रकको अघिल्लो भाग पूर्ण रूपले क्षतिग्रस्त भयो भने सीमेन्ट लादिएको अर्को ट्रक सड़कमा पल्टियो। स्थानीय सूत्र अनुसार सड़क किनारमा खड़ा सीमेन्ट लादिएको ट्रकलाई नक्सलबाड़ीतर्फ गइरहेको ढुङ्गा लादिएको एउटा ट्रकले भयानक ठक्कर दियो। यस ठक्करको तीव्रता अधिक भएको कारणले खड़ा ट्रक उछिटिएर अर्को ट्रकसित ठोक्कियो। त्यसपछि सीमेन्द लादिएको ट्रक सड़कमा पल्टियो।

यस घटनामा ढुह्गा लादिएकोक ट्रकको अघिल्लो भाग पूर्ण रूपले क्षतिग्रस्त भयो भने चालक क्याबिनमै फसे। सूचना पाएर नक्सलबाड़ी थानाको पुलिस घटनास्थलमा पुग्यो अनि ग्यास कटरको मद्दतले ट्रकको अघिल्लो भागलाई काटेर चालकलाई बाहिर निकाल्यो। गम्भीर रूपमा घाइते चालकलाई उपचारको निम्ति उत्तर बंगाल मेडिकल कलेज एवं अस्पतालमा पठाइएको छ। पुलिसले सम्पूर्ण मामिलाको जाँच गरिरहेको छ।

## उपभोक्ताहरुको करौडौं रुपियाँ झिकेर भागेको आरोप

तीनधारेमा एउटा ब्यांकको शाखाको रुपमा सीएसपी सञ्चालन गर्दै आइरहेको एकजनाले उपभोक्ताहरुको करौडौं रुपियाँ झिकेर भागेको घटना प्रकाशमा आएको छ भने आज पिढीत उपभोक्ताहरुले न्यायको माग गर्दै मिडिया समक्ष गुहार माग्दै अघि आएका छन्। तीनधारे निवासी अश्विन थापाले तीनधारे लगायत वरिपरिका ब्यांक उपभोक्ताहरुको विभिन्न खाताहरुबाट लगभग एक करोडभन्दा बढी रुपियाँ निकालेर भागेको जानकारी प्रकाशमा आएको छ। उनकोमा तीनधारे लगायत वरिपरिका क्षेत्रहरूका उपभोक्ताहरुको ब्यांक खाताबाट करोडौं रुपियाँ निकालेर बेपत्ता भएको जानकारी प्राप्त भएको छ। उक्त विषयमा पिढीत बनेका तीनधारे निवासी ममता गुप्ता, गैरी गाउँ निवासी मनिता ब्राह्मण, तीनधारे गोलाई पाखा निवासी शिला प्रधान, तीनधारेको शंकरनिवास निवासी युवराज छेत्री लगायत अन्यहरु उपस्थित भएर आफुहरुको ब्यांक खाताबाट करोडौं रुपियाँ निकालेर अश्विन थापा भागेको जानकारी गराएका छन्। पत्रकारहरुलाई सम्बोधन गर्दै चारैजनाले उनी गत 19 दिसम्बरदेखि नै हराएको र सबैको पासबुक पनि उनीसित नै रहेको बताएका छन्। आरोप छ कि थापाले सबै उपभोक्ताहरुको फिंगर प्रिन्ट गराएर पैसा निस्केन साथै आधार लिंक भएको छैन कि त केवाईसी गर्नुपर्छ भन्दै सबैको खाताबाट पैसा निकालेको जानकारी पाइएको छ। उनले एकजनाको खाताबाट 5-10 हजारदेखि 6 लाखसम्म रुपियाँ निकालेको आरोप छ।

## नेवारी परम्परा अनुसार तीन दिने पूजापाठ आरम्भ

अखिल भारतीय नेवार संगठन खरसाङ आञ्चलिक समिति श्री भिमेश्वर मन्दिर पक्षबाट नेवारी परम्परा अनुसार तीन दिने पूजापाठ आरम्भ गरिएको छ। इकता पूजा नेवार पुरोहित गुबाजु अलङ्कार नेवार र उनको सहयोगीद्धारा गरियो। पहाडमा शान्ति, एकता र भाइचारा कायम रहुन एवं नेवार परिवारजनमा विभिन्न विध्नबाधा घर-परिवारमा दशा ग्रह साथै नेवार परिवारजनका इष्ट

मित्रहरूको भलो हुन सकुन भनी उक्त पूजा पाठ गर्नुको उद्देश्य रहेको बताइएको छ। आगामी 14 फरवरी शनिबारको दिन पूजापाठको अन्तिम दिन हवनको कार्यक्रम गरिने भएको छ। उक्त अवसरमा नेवार परिवारजनसँगै हाम्रा इष्टमित्रहरू सबैलाई उपस्थित भईदिने अनुरोध गरिएको छ।

****** ० ******